# चिकित्सा शिक्षासम्बन्धी प्रमाणपत्र तहभन्दा मुनीका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाको स्तरोन्नतिसम्बन्धी मापदण्ड,२०७७

(कार्यकारी समितिबाट स्वीकृत मितिः वि.सं. २०७७ असोज ८ गते)

प्रथम संशोधन मिति: २०७७।१२।३१

दोस्रो संशोधन मिति: २०७८।४।२६

**प्रस्तावनाः** राष्ट्रियचिकित्साशिक्षा ऐन, २०७५ को दफा १५ को उपदफा (५) मा व्यवस्था भएबमोजिम प्रमाणपत्र तहभन्दा मुनीका स्वास्थ्य शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाको फेजआउट वा स्तरोन्नतिसम्बन्धी कार्य गर्न वाञ्छनीय भएकाले,

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ९को खण्ड (ग) मा व्यवस्था भएबमोजिम कार्यकारी समितिले योमापदण्ड तयार गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "चिकित्सा शिक्षासम्बन्धी प्रमाणपत्र तहभन्दा मुनीका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाको स्तरोन्नतिसम्बन्धी मापदण्ड,२०७७रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमा

(क) "आयोग"भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजमको आयोग सम्झनु पदर्छ ।

(ख) "चिकित्सा शिक्षा"भन्नाले स्वास्थ्य पेसासम्बन्धी सवै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसन एजुकेशन) सम्झनु पर्दछ ।

(ग) "परिषद" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिपद भन्ने सम्झनु पर्दछ ।

(घ) "समिति"भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्दछ ।

(ङ) "शिक्षण संस्था"भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनुपर्दछ।

**३. स्तरोन्नतिसम्बन्धी व्यवस्थाः**(१) चिकित्सा शिक्षाका प्रवीणता प्रमाणपत्र तहभन्दा मुनीका कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थाले माथिल्लो तहको कार्यक्रमका लागि परिषदले तोकेका प्रचलित

शर्त र मापदण्ड पुरा गरेमा सम्बन्धन लिएका कार्यक्रमसँग मिल्दो प्रमाण पत्र तहका स्वास्थ्य शिक्षासम्बन्धी कार्यक्रम संचालन गर्न प्राथमिकता दिइने छ ।स्तरोन्नति हुने कार्यक्रम देहायबमोजिम हुनेछन् ।

| क्र.सं. | प्रि डिप्लोमा कार्यक्रम | प्रमाणपत्र तहमा स्तरोन्नति हुने कार्यक्रम |
|---|---|---|
| १ | अनमी | नर्सिङ्ग, मिडवाईफरी, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, आयुर्वेद चिकित्सा, आम्ची साइन्स, अंकुपंचर, अक्कुप्रेसर एण्ड मोक्सिवुसन, [1]रेडियोग्राफी, फिजियो थेरापीमध्ये एकमात्र प्रिडिप्लोमा कार्यक्रममा सञ्चालन गरेको भए प्रमाणपत्र तहको कुनै एक मात्र कार्यक्रममा तोकिएको मापदण्ड पुरा गरेमा स्तरोन्नति हुनसक्नेछ । एकभन्दा बढी प्रिडिप्लोमा कार्यक्रम सञ्चालन गरेका [2]शिक्षण संस्थालाई चिकित्सा शिक्षासम्बन्धी प्रिडिप्लोमा कार्यक्रमहरु संचालन भएको संख्याभन्दा बढी कार्यक्रम संचालनका लागि स्तरोन्नतिको अवसर दिइने छैन । |
| २ | सिएमए | |
| ३ | ल्याव असिष्टेन्ट | |
| ४ | आयुर्वेद सहायक | |
| ५ | आम्ची | |
| ६ | अकुपंचर | |

(२) उपदफा (१) बमोजिमकोस्तरोन्नति गर्दा नर्सिङ्ग वा मिडवाईफरी कार्यक्रमका लागि कम्तिमा आफ्नै १०० शैयाको अस्पताल, [3]सामान्य चिकित्सा, ल्याव कार्यक्रमका लागि लागि कम्तिमा ५० शैयाको अस्पताल, आयुर्वेद, आम्ची, अकुपंचरका लागि कम्तीमा १५ शैयाको अस्पतालसँग सझौता हुनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्तरोन्नति हुन नसकीफेजआउटमा परेका कार्यक्रमहरू सञ्चालन गर्ने संस्थाहरूका लागि काठमाण्डौ उपत्यकाबाहेक अन्य जिल्लाहरूको हकमा एकपटकको लागि मात्र ठाँउसारी, नामसारी, स्वामित्व परिवर्तन (किनबेच) र मर्ज (गाभिने) को अवसर प्रदान गरिनेछ । यसरी ठाँउसारी वा नामसारी वा स्वामित्व परिवर्तन गर्दा अन्य जिल्लाबाट काठमाण्डौ उपत्यकामा ल्याउन

[1] पहिलो संशोधनद्वारा संशोधित

[2] पहिलो संशोधनद्वारा संशोधित

[3] पहिलो संशोधनद्वारा संशोधित

पाईने छैन तर काठमाण्डौ उपत्यकामा सञ्चालित कार्यक्रमलाई उपत्यका बाहिर जान दिनका लागि बाधा पर्नेछैन ।

तर यसरी ठाँउसारी, नामसारी, स्वामित्व परिवर्तन र मर्ज भएका संस्थाहरूले तोकिएको शर्त र मापदण्ड पुरा गरेमा प्रि-डिप्लोमा तहमा चलिरहेका कार्यक्रमलाई प्रमाणपत्र तहको कार्यक्रमको लागि मात्र स्तरोन्नति गर्न सकिनेछ।

(४) उपदफा (१) र (३) बमोजिम स्तरोन्नति गर्न नसकेका संस्थाहरूलाई उपलब्ध पाठ्यक्रमहरूमध्ये कार्यक्रमको लागि परिषदले तोकेको न्यूनतम मापदण्ड पुरा भएको अवस्थामा स्वास्थ्यबाहेकका समान तह(प्रि डिप्लोमा तह) कै अन्य कुनै पनि कार्यक्रममा समायोजन हुन सक्नेछन ।

(५) उपदफा (१), (३) र (४) मा बमोजिमका कुनैपनि बिकल्पमा जान नचाहने संस्थाहरूले परिषद्को कार्यालयमा जम्मा गरेको धरौटी शुल्क फिर्ता लिन सक्नेछन् । यस्ता संस्थाहरूको सम्बन्धन स्वीकृति स्वतः खारेज हुनेछ ।

(४) <u>स्तरोन्नत्तिका लागि न्यूनतम शर्त/आधारहरू:</u>(१)विगत दुई आर्थिक वर्षदेखि निरन्तर नवीकरण गरी फेजआउटमा परेका संस्थाहरूको मात्र कार्यक्रम स्तरोन्नति गरिने छ।

तर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन स्वीकृति लिई गत दुई वर्ष कार्यक्रम संचालन नगरेका वा कारबाहीमा परेका संस्थाहरूको कार्यक्रम स्तरोन्नति वा मर्ज गरिने छैन ।

(२) स्तरोन्नति गर्ने संस्थाहरुले परिषदले तोकेको प्रमाणपत्र तहको कार्यक्रम सञालनका लागि चाहिने न्यूनतम मापदण्डपुरा गरेको हुनुपर्नेछ ।

(३) दुई वा दुईभन्दा बढी संस्थाहरू कानुनबमोजिम गाभिई (मर्ज) भै आएमा स्तरोन्नतिमा जान सक्नेछन् ।

(४) फेज आउटमा परेको कार्यक्रम सम्बन्धन प्राप्त संस्थाहरुले सोही बिधाको प्रमाण पत्र तहको स्वास्थ्यसम्बन्धी कार्यक्रम संचालन गरिरहेको भएमा दफा ३ बमोजिमको स्तरोन्नति प्रक्रियामा संलग्न हुन पाउने छैन।

(५) पूर्वाधार निरीक्षण गर्दा सम्बन्धित परिषद र आयोगको संयुक्त समन्वयमा हुनेछ ।

(५) <u>अपरिवर्तनीय हुने:</u> (१) एकपटक स्तरोन्नतिको लागि दफा ३ बमोजिम छनोट गरेको बिकल्प पुनः परिवर्तन गर्न पाईने छैन ।

[४](२) <u>पहिलो पटक पूर्वाधार निरीक्षण गरी मापदण्ड नपुगेका संस्थाहरुलाई निरीक्षण शुल्क लिई दुईपटक सम्म निरीक्षण गर्न सकिने छ ।</u>

(६) <u>सूचना प्रकाशनः</u>(१) दफा ३ बमोजिमको विकल्पमध्ये कुन विकल्पमा जान चाहेको हो, सोको प्रस्ट विवरण खुल्ने गरी कम्तीमा [५]<u>३५ (पैंतिस)</u> दिनको म्याद दिई सम्बन्धित शिक्षण संस्थासँग परिषदले निवेदन माग गर्न सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका आधारमा तोकिएको मापदण्ड पूरा गरेका शिक्षणसंस्थालाई परिषदले मर्ज, स्तरोन्नति वा फेजआउट गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मर्ज, स्नरोन्नति वा फेजआउट भएका शिक्षण संस्था बारेको जानकारी परिषदले सार्वजनिक गर्नुपर्नेछ ।

(४) स्तरोन्नति हुने संस्थाहरूको कार्यक्रम सम्बन्धन स्वीकृतिसम्बन्धी अन्य प्रक्रिया परिषद ऐन तथा नियमावलीअनुसार हुनेछ ।

(५) स्तरोन्नति हुने शिक्षण संस्थाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले व्यवस्था गरेबमोजिमको मापदण्ड पूरा गर्नुपर्नेछ ।

[६](६) उपदफा (१) बमोजिम परेका दर्खास्तमध्ये साविकमा संचालन भएकै स्थानमा स्तरोन्नतिका लागि माग गर्ने शिक्षण संस्थालाई परिषद्को सम्बन्धन सिफारिश समितिको सिफारिशमा आयोगको पूर्व स्वीकृति लिई परिषदले स्तरोन्नतिका लागि अनुमति दिन सक्नेछ ।

[७](७) उपदफा (६) बमोजिम स्तरोन्नति नभइ ठाउँसारी, नामसारी, वा मर्ज भई साविक स्थानभन्दा फरक स्थानमा कार्यक्रम संचालन गर्नका लागि आवेदन दिएका संस्थाका हकमा सम्बन्धित विज्ञ रहेको अनुगमन टोलीले दिएको प्रतिवेदनका आधारमा आयोगको पूर्व स्वीकृति लिई परिषदले अनुमति दिन सक्नेछ ।

---

[४] पहिलो संशोधनद्वारा संशोधित

[५] पहिलो संशोधनद्वारा संशोधित

[६] दोस्रो संशोधनद्वारा थप

[७] दोस्रो संशोधनद्वारा थप

[८](८) संवत् २०७८ साल फागुन ९ गतेपछि स्तरोन्नति वा ठाउँसारी, नामसारी, वा मर्ज लगायतका कार्य गरिने छैन ।

(७) <u>**मापदण्डको कार्यान्वयनः**</u>(१)राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को भावनाअनुरूप हुने गरी आयोगको समन्वयमा यस मापदण्डअनुरूपका कार्य गर्ने गराउने मुख्य जिम्मेवारी परिषदको रहने छ र त्यसको प्रगति विवरण आयोगमा पठाउनु पर्नेछ ।

[९](२) <u>संवत् २०७८ साल फागुन ९ गतेभित्र स्तरोन्नति, मर्ज र फेजआउटको कार्य सम्पन्न गरी सक्नुपर्नेछ र त्यसपछि यो मापदण्ड स्वतः निस्कृय हुनेछ ।</u>

<u>**(८) समन्वय गर्नुपर्नेः**</u> परिषदले यस मापदण्डबमोजिम चिकित्सा शिक्षासम्बन्धी प्रवीणता प्रमाणपत्र तहमुनीका कार्यक्रमको अपग्रेड, अपग्रेड पछि सिट निर्धारण, परीक्षा सञ्चालन गर्दा र सम्बन्धनसम्बन्धी कार्य गर्दा आयोगको समन्वयमा गर्नुपर्नेछ ।

(९) <u>**प्रचलित कानुनबमोजिम हुनेः**</u>(१)यस मापदण्डमा उल्लेख भएका विषयको सम्बन्धमा यसै मापदण्डबमोजिम रअन्य विषयमा प्रचलित कानुनबमोजिम हुनेछन् ।

(२) यस मापदण्डमा नपरेका विषयमा समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

©©©

---

[८] दोस्रो संशोधनद्वारा थप

[९] पहिलो संशोधनद्वारा संशोधित